# संघीय संसद
# राष्ट्रिय सभा
# संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः ३१३
मितिः २०८२/०९/०६
समयः बिहान ११:०० बजे
प्रारम्भः बिहान ११:०० बजे
अन्त्यः दिनको १२:३० बजे

**छलफल एवं निर्णयः**

नेपाल बौद्ध महासंघले यस समितिका सभापतिलाई संबोधन गरी केही अराजक तत्वहरुले गोन्पा (गुम्बा) तथा विहारहरुमा हतियार लुकाइएको, विदेशी राष्ट्रको अखडा बनेको भन्ने भ्रमपूर्ण अभिव्यक्ति र भ्रामक प्रचार गरेको विषयमा ध्यानाकर्षण गराउँदै सामाजिक सद्भावको लागि मागहरु सहितको ज्ञापन पत्र पेश गरेको र समितिको मिति २०८२/०९/०६ गते आइतबार बसेको बैठकमा छलफल भई ज्ञापनपत्रको उल्लेखित विषयमा गृह मन्त्रालयको ध्यानाकर्षण गराउने र समितिमा महासंघले प्रस्तुत गरेका देहायबमोजिमका सुझावहरु आवश्यक कार्यान्वयनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउने निर्णय भयोः

- नेपाल सरकारले गोन्पासँग समन्वय र सहकार्य गरी बौद्ध शिक्षाको विकास, धार्मिक पर्यटनको प्रवर्द्धन र बौद्ध सांस्कृतिक सम्पदाहरुको उचित संरक्षण सुनिश्चित गर्नुपर्ने,
- राज्यको नीति अनुसार, गोन्पाहरुले आवासीय सुविधा सहित पिछडिएका वर्गका विद्यार्थीहरुलाई आध्यात्मिक र आधुनिक शिक्षा निःशुल्क प्रदान गर्दै आएको र यसले राज्यलाई महत्वपूर्ण योगदान पुऱ्याएकोले यसको उचित मूल्यांकन हुनुपर्ने,
- नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा पनि आध्यात्मिक र नैतिक शिक्षाको पठन-पाठनका लागि पाठ्यक्रम र पाठ्यपुस्तकहरुमा बौद्ध शिक्षा समावेश गर्नुपर्ने,
- बौद्ध सम्पदा, शिक्षा, परम्परा र संस्कृति सम्बन्धी अमूल्य ग्रन्थ तथा सामग्रीको संरक्षण, अभिलेखीकरण, सम्पादन र संशोधन सुनिश्चित गर्न राष्ट्रिय बौद्ध अभिलेखालय तथा पुस्तकालय स्थापना गर्नुपर्ने,
- गोन्पाहरुको सही परिभाषा, उचित मूल्याङ्कन, वर्गीकरण, व्यवस्थापन र विकास सुनिश्चित गर्न एकद्वार प्रणाली अन्तर्गत दर्ता सञ्चालन र नियमनको व्यवस्था गर्न गोन्पा ऐन बनाउनु पर्ने,
- संस्कृत, पाली र भोट भाषामा रहेका बौद्ध साहित्यलाई नेपाली भाषामा अनुवाद गरी पठन-पाठनको व्यवस्था मिलाउनु पर्ने,
- बौद्ध धर्म, शिक्षा र गोन्पासम्बन्धी समन्वय तथा सहयोगका विषयमा निर्देशन दिन सक्षम विद्वानहरुको समावेशमा अधिकार सम्पन्न बौद्ध गोन्पा परिषद् वा गोन्पा विभाग गठन गर्नुपर्ने।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति